मानिस आफ्नो घनिष्ठ मित्रको आचरण र मार्गबाट प्रभावित हुन्छ, त्यसैले तिमीहरूमध्ये प्रत्येकले राम्ररी विचार गरेर आफ्नो मित्र चयन गरोस्।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मानिस आफ्नो घनिष्ठ मित्रको आचरण र मार्गबाट प्रभावित हुन्छ, त्यसैले तिमीहरूमध्ये प्रत्येकले राम्ररी विचार गरेर आफ्नो मित्र चयन गरोस्।"
[हसन] [अबू दाउद, तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, मानिस आफ्नो व्यवहार र बानीमा आफ्नो घनिष्ठ मित्र र साथीसँग मिल्दोजुल्दो हुन्छ र मित्रताको सम्बन्धले मानिसको नैतिकता, आचरण र कार्यहरूमा गहिरो प्रभाव पार्छ। त्यसैले, उहाँले असल साथी चयन गर्न निर्देशन दिनुभएको छ; किनकि असल साथीले आफ्नो मित्रलाई ईमान (आस्था), सही मार्गदर्शन र कल्याणकारी कार्यहरूमा सहयोग पुर्याउँछ।

http://www.sunnah.global/hadeeth/ne/show/3122